# माननीय मुख्यमन्त्रीज्यूले प्रदेश सरकारको आर्थिक बर्ष २०७५।७६ नीति तथा कार्यक्रमका छलफलका क्रममा प्रदेश सभामा उठेका सवालहरुमा दिनु भएको जवाफ

**माननीय सभामुख महोदय,**

१. माननीय सभामुख महोदयको अनुमतिले म प्रदेश सरकारको नीति तथा कार्यक्रमको छलफलको क्रममा माननीय सदस्यहरूबाट प्रस्तुत भएको विषयका सम्बन्धमा जवाफ प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु।

२. नेपालको संविधानको धारा १८४ को उपधारा (२) बमोजिम माननीय प्रदेश प्रमुखबाट दोस्रो अधिवेशनमा प्रदेश सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो। प्रदेश सरकारको तर्फबाट माननीय प्रदेश प्रमुखज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु। प्रदेश सरकारको नीति तथा कार्यक्रमको प्रस्तुतीकरणको समय व्यवस्थापनका लागि माननीय सभामुख लगायत सम्मानित सभा प्रति धन्यवाद व्यक्त गर्न चाहन्छु। छलफलमा सहभागी हुनु भएका माननीय सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

३. माननीय सदस्यहरूले प्रदेश सरकारको तर्फबाट प्रस्तुत भएको नीति तथा कार्यक्रम माथिको छलफलमा सहभागी भई अत्यन्त महत्त्वपूर्ण सुझाव प्राप्त भएका छन्। प्राप्त सुझाव प्रदेश सरकारको नीति, योजना, प्रणाली र पद्धतिको तर्जुमा र विकासका क्रममा कार्यान्वयन गर्दै लगिने छ। प्रस्तुत नीति तथा कार्यक्रम स्वीकृत भएपछि प्रदेश सरकारले आगामी आर्थिक

बर्षको बजेट प्रस्तुत गर्दा साधन र स्रोत तथा समयको आधारमा सुझावहरुको सम्बोधन गर्दै लगिनेछ ।

४. प्रदेश सभाका माननीय सभामुख नेत्रनाथ अधिकारीज्यू र माननीय सदस्य टेकबहादुर घर्तिज्यूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

५. जनताको त्याग र बलिदानबाट स्थापित भएको संघीय लोकतान्त्रिक गणतन्त्र, बहुलबादमा आधारित बहुदलीय प्रणाली, शक्ति पृथकीकरणको सिद्धान्त, बिधीको शासन, स्वतन्त्र न्यापालिका, मानव अधिकारको संरक्षण, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी र सहभागितामूलक शासन व्यस्थाका आधारभूत मान्यतामा यो सरकार प्रतिवद्ध छ।

६. हामी प्रतिपक्षका माननीय सदस्यसँग असल संस्कार सहितको उत्कृष्ठ संसदीय सस्कृति विकास गर्न गराउन अनुरोध गर्न चाहन्छु ।प्रदेश सरकार प्रतिपक्ष सँगसँगै यो प्रदेशको समृद्धि र समुन्नतिको लागि रचनात्मक सहकार्यका लागि सधै तत्पर रहनेछ ।

७. प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमले सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानीको माध्यमबाट आर्थिक समृद्धि हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएको छ। तत्काल प्रतिफल दिने क्षेत्रमा निजी क्षेत्रको लगानी आकर्षित गर्न खोजिएको छ। सरकारले निजी क्षेत्रको लगानीलाई आकर्षित गर्ने गरी पूर्वाधार विकास र सामाजिक क्षेत्रमा आफ्नो लगानीलाई केन्द्रित गरेको छ। साथै आत्मनिर्भर र राष्ट्रिय अर्थतन्त्र निर्माणका लागि आवश्यक पर्ने क्षेत्रमा लगानी बढाउने नीति लिएको छ। सहकारी र समुदायसँगको सहकार्यमा गरिबी निवारण, कृषिको उत्पादन र उत्पादकत्व बृद्धिका लागि लगानी प्रोत्साहित गर्ने नीति लिएको छ।

८. प्रदेशको अधिकार सूची भित्रका कार्य जिम्मेवारी र संविधानमा उल्लेख भएका मौलिक हकको क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। प्रदेश सरकारको विकासको सोच प्रदेशबासी र नेपाली जनताको सुख र खुशी नै हो। यो कार्यान्वयनमा हाम्रा कुनै सीमा र शर्त रहने छैनन्।

९. प्रदेशमा रहेका प्राकृतिक सुन्दरता, सांस्कृतिक विविधता र भूबनोटको आधारमा सन्तुलन सहितको विकास नीति बनाउन यो नीति तथा कार्यक्रमले प्रारम्भ गरेको छ। विकासका कार्यक्रम बनाउँदा सामाजिक एवं सांस्कृतिक समानता एवं सद्भावलाई अझ बढी मजबुत र उन्नतिलो बनाउने गरी दिशा निर्देशन दिएको छ।

१०. सामेली लोकतन्त्र र समावेशी विकास अवधारणा नै हाम्रो संविधानको आत्मा हो। यसको कार्यान्वयनका लागि सवै प्रकारका विभेद, बञ्चितीकरण र बहिस्करणको अन्त्य गरी समावेशी र दिगो विकासमा यो नीति तथा कार्यक्रमले जोड दिएको छ।

११. सरकार संचालन भएको छोटो समयमा नै विकासको प्रस्थान बिन्दु र भविष्यको गन्तव्य निर्धारण गरेका छौं। यो नीतिले प्रदेशको आगामी पाँच बर्षको मात्र होइन दीर्घकालीन सोच, उद्देश्य एवं लक्ष्य निर्धारण गरेकोछ। साथै यी लक्ष्य र उद्देश्य हासिल गर्न स्पष्ट मार्गचित्र सहितको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

१२. राष्ट्रका साझा लक्ष्य र उद्देश्य प्राप्तिका लागि प्रदेश सरकार संघीय सरकारसँग सहकार्य गर्न चाहन्छ। हामी हाम्रो कार्यक्षमता अभिबृद्धि गर्दै गरिबी निबारण, भोकमरीको अन्त्य, रोजगारीको सिर्जना गरी आर्थिक समुन्नति र समृद्धि गर्न चाहन्छौ। यो नीतिले निर्धारित गरेको गन्तव्यमा पुग्नका लागि स्पष्ट दिशाबोध गरेको छ। साथै शासकीय प्रणालीलाई

सबलीकरण गर्नका लागि वित्तीय स्रोत र साधन तथा जनशक्तिको न्यायोचित प्राप्तिबाट नै सिंगो राष्ट्रको समृद्धि हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएको छ।

१३. प्रस्तुत भएको नीतिले स्थानीय सरकारसँग विकासमा रणनीतिक साझेदारी र सहकार्य गर्ने गरी कार्यक्रमहरु तय गरेकोछ। प्रदेश सरकार विकासको प्रकृयालाई स्थानीय सरकारको विश्वास जितेर स्थानीयस्तरबाट शुरुवात गर्न चाहन्छ। साथै अधिकार सम्पन्न र सक्षम स्थानीय सरकार बनाउनका लागि क्षमता अभिबृद्धिमा जोड दिएकोछ। प्रदेश सरकार स्थानीय सरकार र संघीय सरकारको बीचमा सेतुको रुपमा काम गर्न चाहन्छ।

१४. प्रदेशको समृद्धिको आधार निर्माण गर्न आगामी बर्ष प्रादेशिक नीति तथा संरचना निर्माण बर्षको जगमा उभिएर पर्यटन, उर्जा, कृषि, उद्योग र भौतिक पूर्वाधारलाई समृद्धिको इन्जिनको रुपमा लिई क्षेत्रगत नीति तथा कार्यक्रम तय गरिएकोछ। क्षेत्रगत नीति र कार्यक्रमको कार्यान्वयन गर्दा अन्तरसम्बन्धित विषयलाई समन्वयात्मक रुपमा कार्यक्रमहरुमा आन्तिरिकीकरण गरिनेछ।

१५. समाजवादउन्मुख अर्थव्यवस्थाको निर्माणको लागि ग्रामीणस्तरबाट नै आर्थिक समृद्धिको जग बसाल्ने आधार प्रस्तुत नीतिको रहेकोछ। आत्मनिर्भर अर्थव्यवस्थाको लागि उत्पादन र उत्पादकत्व बृद्धि, व्यापक मात्रामा रोजगारी र स्वरोजगारको अवसरको सृजना र आयात व्यवस्थापन र निर्यात प्रबर्द्धन गरी प्रदेशको अर्थतन्त्रको संरचनामा नै परिवर्तन गर्ने यस नीतिले उद्देश्य लिएकोछ ।

१६. माननीय सदस्यहरुले भनेजस्तै यो नीति, कार्यक्रम निश्चित सोच र गन्तव्यको साथ प्रस्तुत भएको छ। यो महत्त्वकांक्षी पनि छैन र हचुवाको

आधारमा तयार भएको पनि छैन्। यस नीतिले स्पष्ट सुविचारित कार्ययोजना सहितको नीति तथा कार्यक्रमको दिशाबोध गरेको छ। तसर्थः हामीले प्रदेशको समृद्धिका आधार निर्माण गर्न र प्रदेशमा आर्थिक सामाजिक रुपान्तरणका लागि लगानी केन्द्रित गर्न चाहेका छौं।

१७. स्पष्ट सोच र नीतिगत मार्गदर्शनको आधारमा प्रदेशका विकास र समृद्धिका प्रमुख लक्ष्यहरु निर्धारण गरिएका छन्। यी लक्ष्यहरु सपना मात्र होइनन् यी उपलब्धी हासिल गर्न सकिने आधारहरु हुन्। यी लक्ष्य र नीति तथा कार्यक्रमको बीचमा तालमेल र अन्तरसम्बन्ध स्थापित गरी नीति तथा कार्यक्रमहरु प्रस्तुत गरिएको छ।

१८. यस सम्मानित सभालाई साक्षी राखेर आम नागरिकको सामु सरकारले आगामी पाँच बर्षभित्रमा हासिल गर्ने विकासका सूचकहरुको निर्धारण गरेका छौं। प्रदेश सरकार आगामी पाँच बर्षभित्र बहुआयामिक गरिबी १४.२ प्रतिशतबाट ७ प्रतिशतमा झार्ने, प्रदेशको आयलाई बार्षिक औसत ८ प्रतिशतले बृद्धि गर्ने, प्रतिव्यक्ति आय अमेरिकी डलर पच्चीस सय पुऱ्याउने, कृषि उत्पादनलाई दोब्बर गर्ने, प्रदेशका गौरवका आयोजना कोरला-पोखरा, पोखरा-दुम्किबास द्रुत मार्ग निर्माणको कार्य थालनी गर्ने, प्रदेशभित्र अन्तर्राष्ट्रियस्तरको बहुउपयोगी सम्मेलन केन्द्र र बहू खेलमैदान निर्माण सम्पन्न गर्ने, बिशिष्टिकृत मुटुरोग, मृगौला र क्यान्सर अस्पतालको निर्माण सम्पन्न गर्ने, स्थानीय तहमा पच्चीस शैया, नगरपालिकामा पचास शैयाको अस्पताल र प्रदेश राजधानीमा एकहजार शैयाको अस्पताल निर्माण थालनी गर्ने, प्रदेश राजधानीलाई केन्द्रमा राखी बृहत पोखरा चक्रपथ निर्माण, पोखराको क्षेत्रीय विमानस्थललाई तीन बर्षभित्र सम्पन्न गर्ने, सन् २०२२ सम्ममा बीस लाख पर्यटक भित्र्याउने, पोखरामा रहेका फेवा, बेगनास र

रुपातालाई जोड्न मोनोरेलको विकास गर्ने, प्रदेशमा आधुनिक सुविधा सम्पन्न सूचना प्रविधि पार्कको निर्माण गर्ने, प्रदेश राजधानीदेखि स्थानीय तहको केन्द्रसम्म स्तरीय सडक सञ्जाल पुऱ्याउने, सबै स्थानीय तहका केन्द्रसम्म बोर्डब्याण्ड नेटवर्क विस्तार गर्ने। निजी क्षेत्र समेतको लगानीमा ऊर्जा उत्पादनलाई तेब्बर गर्ने, प्रतिब्यक्ति ऊर्जा खपतलाई पाँच गुणाले बृद्धि गर्ने, प्रदेश राजधानीमा स्वच्छ खानेपानी उपलब्ध गराउने, बहुसांस्कृतिक ग्रामको स्थापना गर्ने, शिक्षा र स्वास्थ्यको क्षेत्रमा सुधार ल्याउने गरी लगानी बढाइनेछ। साथै आगामी दुई बर्षभित्र हरेक घरधुरीमा खानेपानी तथा विद्युत सुविधा पुऱ्याउने गरी प्रमुख विकासका सूचकहरु कायम गरी नतिजामा आधारित नीति तथा कार्यक्रम प्रस्तुत गरेका छौ। यो कुनै महत्वकांक्षी लक्ष्य होइन यी कार्यान्वयन योग्य कार्यक्रम हुन्।

१९. माथिका यी लक्ष्य प्राप्तिका लागि प्राथमिकताका आधारमा लगानीको नछरीकन विन्यास गर्नेछौ र गरिएका लगानीको प्रतिफल र नतिजासँग आबद्ध गर्नेछौं। साथै संघ, प्रदेश र स्थानीय तहका आर्थिक क्रियाकलापको बिस्तारबाट यस प्रदेशमा बार्षिक पचास हजारलाई रोजगारी र एकलाखलाई स्वरोजगारीका अवसर सृजना गर्ने आधार यो नीति तथा कार्यक्रमले लिएकोछ।

२०. संघीयता कार्यान्वयनमा आउन सक्ने जटिलताको संवैधानिक प्रबन्ध बमोजिमको अन्तर प्रदेश परिषद्को उपयोगको माध्यमबाट यसको प्रभावकारी कार्यान्वयनमा सहजीकरण ल्याइनेछ। साथै वित्तीय संघीयताको स्पष्ट दिशावोध सहितको आगामी वर्षको बजेट प्रस्तुत गरिनेछ। नीति तथा कार्यक्रमको कार्यान्वयनमा प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम प्रस्तुत गरिनेछ ।

२१. प्रदेशमा लगानीमैत्रीको वातावरणको लागि लगानी सम्मेलन, निजी क्षेत्रबाट प्रबर्द्धित गर्ने आयोजना परियोजना बैङ्क, एकलबिन्दु सेवा, लगानीको प्रत्याभूति र निजी लगानीका लागि आवश्यक वातावरण निर्माण गर्ने जस्ता नीतिगत सम्वोधनले निजी क्षेत्रको लगानीलाई उत्प्रेरित गरिएको छ। यसबाट प्रदेशमा लगानीको वातावरणमा अनुकूल सुधार आई आर्थिक क्रियाकलापहरुमा थप विस्तार हुने देखिन्छ।

२२. प्रदेश सरकारले पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, सामाजिक क्षेत्र विकास कार्यक्रममा ठूलो मात्रामा लगानी गर्दा यस क्षेत्रबाट समेत आर्थिक क्रियाकलाप विस्तार भई प्रदेशको आयमा बृद्धि हुने र रोजगारीका अवसरहरु सिर्जना हुन गई प्रदेशका प्रमुख विकासका लक्ष्यहरु आगामी पाँच बर्ष भित्र नै हासिल हुन सक्ने देखिन्छ।

२३. प्रदेशका विकास लक्ष्य र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनामा प्राथमिकीकरण गरी स्रोत साधनको परिचालन हुने हुँदा नीति कार्यक्रमको नतिजामुखी कार्यान्वयनमा विश्वास दिलाउन चाहन्छु।

२४. प्रदेशमा संस्थागत संयन्त्रको स्थापना गरी सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, उत्तरदायी र नागरिक मैत्री बनाउँदै सार्वजनिक सेवालाई गुणस्तरीय र सरलीकृत गरिनेछ।

२५. आफु पनि भ्रष्टाचार नगर्ने र भ्रष्टाचारजन्य क्रियाकलापमा सरकार शून्य सहनशीलताको नीतिको आधारमा सार्वजनिक सेवालाई नागरिकको अपेक्षा अनुरुप सञ्चालन गर्ने कुरामा प्रतिबद्ध छ। साथै आगामी पाँच बर्षभित्र विद्युतीय सुशासनको माध्यमबाट सेवा प्रवाह गर्ने प्रतिबद्धता जनाइएको छ।

२६. प्रदेशका सेवा प्रवाह सम्बन्धी प्रदेशको नीति, प्रदेशका योजना, कार्यक्रमको कार्यान्वयन पक्षलाई नतिजामूखी, गुणस्तरीय र जवाफदेही बनाउन सुदृढ

अनुगमन प्रणालीले नीतिको कार्यान्वयन र नतिजा प्राप्तिमा प्रस्तुत नीतिले जोड दिएको हुँदा कार्यान्वयनमा कुनै व्यवधान नरहने विश्वास दिलाउन चाहन्छु।

**माननीय सभामुख महोदय,**

२७. संघीयता कार्यान्वयनको शुरुआती क्रममा भरखरै सञ्चालनमा आएको प्रदेश सभा र प्रदेश सरकारको प्रमुख दायित्व यसको असल अभ्यास र सबलीकरण नै हो। यसको लागि सरकारको ध्यान केन्द्रित गर्न प्रस्तुत नीति कार्यक्रमले लक्ष्य निर्धारण गरेको छ।

२८. सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमको कार्ययोजना बनाई आगामी बर्षको शुरुवात देखि नै कार्यान्वयन गरिनेछ। यो नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वनबाट समृद्ध प्रदेशको आधार तयार हुने विश्वास लिएको छु। साथै अन्तर प्रदेश प्रतिस्पर्धामा यो नीति तथा कार्यक्रमको कार्यान्वयनबाट यो प्रदेश सर्वोत्कृष्ट हुने अपेक्षा गर्दछु। प्रस्तुत भएको नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्रदेशबासीको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने विश्वास लिएकोछु।

२९. नीति तथा कार्यक्रमको नतिजा प्राप्त गर्ने गरी कार्यान्वयनमा सम्मानित सभाका समितिहरु, माननीय सदस्यहरु, राजनैतिक दल, निजी क्षेत्र, नागरिक समाज र पत्रकार जगत प्रति हिजोको जस्तै साथ र सहयोगको अपेक्षा गरेकोछु।

धन्यवाद्।